# टाइलर

# स्किल्ड ट्रेड टेस्ट

# नमुना प्राक्टिकल टेस्ट पेपर

此文件關於鋪瓦工大工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Tiler. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


95, Yue Kwong Road — ९५ यु कोङ्ग रोड

Aberdeen — एबरडीन

Hong Kong — होंगकोङ्ग

| | |
|---|---|
| फोन नम्बर | : (852) 2100 9000 |
| फ्याक्स नम्बर | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


© २०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# ट्रेड टेस्ट पेपर

ट्रेड : टाइलर

ग्रेड : स्किल्ड वर्कर

परीक्षाको विषयवस्तु: ड्रइंगहरू अनुसार तोकिएका स्थानमा निम्न कार्य पूरा गर्नुहोस्:

1. वाल (गारो) तथा पिलरमा 100 x 200 (mm) सेरामिक टाइलहरू बिछ्याउन सिमेन्ट ग्राउट (cement grout) प्रयोग गर्नुहोस् जसमा टाइलहरूलाई बेभेल एन्गल (bevel angle) मा काट्न पोर्टबल इलेक्ट्रिक कटरलाई प्रयोग गर्ने र वाइड क्र्याक टाइल पेभिङ प्रोसेस (wide crack tile paving process) कार्य पूरा गर्न 4mm मोटाइको प्लास्टिक शिट वा स्टार हर्न (星角) (प्लास्टिक क्रस टाइल स्पेसर) आफैं छनोट गर्ने कार्यहरू पर्दछन्; (30 अङ्क)

2. वालको माथिल्लो भागमा ग्लास मोजेइक (glass mosaic) बिछ्याउन सिमेन्ट ग्राउट प्रयोग गर्नुहोस्। यसमा व्हाइट सिमेन्ट ग्राउटले ग्राउटिङ (grouting) गर्ने काम पर्दछ। (30 अङ्क)

3. वालको तल्लो भागमा 300 x 300 (mm) वा निर्दिष्ट गरिएका अन्य आकारको टेरा कोटा टाइल (terra cotta tile) बिछ्याउन टाइल ऐडेशिभ प्रयोग गर्नुहोस्। यसमा व्हाइट सिमेन्ट ग्राउटले लाइटिङ होल (lighting hole) र ग्राउटिङ (grouting) गर्ने काम पर्दछ। (20 अङ्क)


4. स्ल्याबमा स्टेरनोज तथा 300 x 300 (mm) वा निर्दिष्ट गरिएका अन्य आकारका फ्लोर टाइलहरू बिछ्याउनुहोस्। यसमा सर्कुलर फ्लोर ड्रेनको कटिङ गर्ने काम पर्दछ। (20 अङ्क)

परीक्षाको समय अवधि :6 घण्टा (खाना खाने समय बाहेक)

ध्यान दिनुपर्ने कुराहरू : (1) काम सुरु गर्नुभन्दा अगावै, परीक्षार्थीहरूले परिशिष्टमा भएको "परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू" लाई ध्यानपूर्वक पढ्न आवश्यक हुन्छ;

(2) परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई परीक्षामा अनुत्तीर्ण भएको मानिनेछ; र

(3) प्रश्नपत्रमा 3 वटा पृष्ठ छन्। परीक्षाका सबै आइटमहरूको पूर्णाङ्क (फुल मार्क) 100 हो र 60 वा सोभन्दा माथिको अङ्क ल्याएमा उत्तीर्ण भएको मानिनेछ।


टाइलर ट्रेड टेस्ट शप ड्रइंग
साना टाइलहरू स्टोप्ड इन्ड
100 x 200
साना टाइलहरू
मार्बल कर्नर
क्लिप कर्नर
सक्कुलर लाइटिङ होल
फ्लोर ड्रेन
ठूला टाइलहरू
डिटेल प्लान
डोर फ्रेम
फ्लोर तथा वाल साना टाइलहरूको डिटेल
3-D प्लान
वुड ब्रेसिङ
सक्कुलर लाइटिङ होल
1520
400
260
705
1365
2150
फ्रन्ट एलेभेसन
साना टाइलहरू स्टोप्ड इन्ड
230
255
240
725
285
275
545
345
1440
होरिजन्टल प्लान
A 100x200 साना टाइलहरू
B 300x300 ठूला टाइलहरू तथा मोजेइक
C 300x300 ठूला फ्लोर टाइलहरू सहितको स्टेरनोज
ड्रइंग अनुपात अनुसार छैन
नापहरू मिमी मा छन्

परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिइएका कार्य ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नुपर्नेछ ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्नेछ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन् ।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन ।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन ।

10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:
    a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e) कार्यहरूको प्रगति
    f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g) औजार तथा उपकरणहरूको सही ढङ्गले प्रयोग
    h) सुरक्षा सावधानीहरूको पालना
    i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले अनिवार्य रूपमा परीक्षालाई रोक्नुपर्नेछ ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्नेछ ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ ।**